# बालशिक्षक, कर्मचारी र निजी शिक्षक प्रोत्साहन कोष, कार्यविधि २०७५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२.२ ले दिएको अधिकार प्रयोग गरी यस बुद्धशान्ति गाउँ कार्यपालिकाले यो बालशिक्षक, कर्मचारी र निजी शिक्षक प्रोत्साहन कोष, कार्यविधि २०७५ जारी गरेको छ ।

स्वीकृत मिति २०७५।०८।२१

१. संक्षिप्त नाम र प्रारम्भ : (१) कार्यविधिको नाम "बालशिक्षक, कर्मचारी र निजी शिक्षक प्रोत्साहन कोष, कार्यविधि २०७५" रहेकोछ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "बाल शिक्षक" भन्नाले यस अघि सरकारीकोटामा बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयको अनुदान कोटा/दरबन्दीमा कार्यरत विद्यालय कर्मचारी र विद्यालय सहयोगीलाई सम्झनु पर्छ ।

(ग) "निजी शिक्षक" भन्नाले विद्यालयले विद्यालयको आवश्यकता अनुसार विद्यालयको आफ्नै निजी कोषबाट तलव भत्ता खुवाउने गरी नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले बुद्धशान्ति गाउँपालिका शिक्षा बजेट उप शीर्षकको ३ वमोजिम खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(ङ) "गाउँ पालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ पालिका सम्झनु पर्छ ।

२. कोष सञ्चालन र व्यवस्थापन समिति : कोष सञ्चालन र व्यवस्थापनका लागि तपशिल बमोजिमको एक समिति रहनेछ –

क) गाउँपालिका अध्यक्ष – संयोजक
ख) गाउँपालिका उपाध्यक्ष– सदस्य
ग)प्रमुख प्रशासकीय अधिकृत– सदस्य
घ) सामाजिक विकास समिति संयोजक – सदस्य
ङ) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

कोष सञ्चालन र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१) यस कार्यबिधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कोष सञ्चालन र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक अवस्थाको पहिचान गर्ने,

(ग) विनियम ४ का आधारमा विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहनका लागि कार्यपालिका समक्ष सिफरिस गर्ने,

कोष सञ्चालन र व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि : (१) कोष सञ्चालन र व्यवस्थापन समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) कोष सञ्चालन र व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. शिक्षक तथा कर्मचारी विवरण :शिक्षक तथा कर्मचारी विवरण तपशिल बमोजिम रहेको छ –

| क.सं | शिक्षक तथा कर्मचारी प्रकार | संख्या | हाल रहेको मासिक दर | कैफियत |
|---|---|---|---|---|
| १ | बाल शिक्षक | ३४ | ६००० | |
| २ | प्रा.वि. तहका सहयोगी कर्मचारी | ४ | ४५०० | |
| ३ | मा.वि.,नि.मा.वि. तहका सहयोगी कर्मचारी | १२ | ७५०० | |
| ४ | मा.वि.,तहका सहायक कर्मचारी | ८ | ११५०० | |
| ५ | निजी शिक्षक | | | |

४.मापदण्ड / आधारहरु :

क) बाल विकास केन्द्रहरुमा कार्यरत बाल शिक्षकहरुलाई मासिक रु १००० का दरले प्रोत्साहन र वार्षिक रु ६००० पोशाक खर्च प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

ख) प्रा.वि. तहमा कार्यरत सहयोगी कर्मचारीहरुलाई मासिक रु २५०० का दरले प्रोत्साहन र वार्षिक रु ६००० पोशाक खर्च प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

ग) मा.वि., नि.मा.वि. तहमा कार्यरत सहयोगी कर्मचारीहरुलाई मासिक रु १००० का दरले प्रोत्साहन र वार्षिक रु ६००० पोशाक खर्च प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

घ) मा.वि.तहमा कार्यरत सहायक कर्मचारीहरुलाई मासिक रु १००० का दरले प्रोत्साहन र वार्षिक रु ६००० पोशाक खर्च प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

ङ) प्रा.वि.तह मात्र सञ्चालन भएका र ३ दरबन्दी कायम भई ५० भन्दा बढी विद्यार्थी भएका विद्यालयहरुलाई प्रति विद्यालय रु ८२००० का दरले प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

च) प्रा.वि.तह मात्र सञ्चालन भएका र ३ दरबन्दीका शिक्षक कार्यरत रहेका २५ भन्दा कम विद्यार्थी भएका विद्यालयहरुलाई शैक्षिक सुधारका लागि प्रति विद्यालय रु ४५००० सम्म प्रदान गर्न सकिने

छ) मा.वि.तह कक्षा १० सम्म सञ्चालन भएका र मा.वि. तहमा १ मात्र दरबन्दी कायम भई जम्मा विद्यालयमा १३ दरबन्दी भन्दा कम दरबन्दी भएका विद्यालयहरुलाई प्रति विद्यालय रु २४०००० का दरले प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

ज) मा.वि.तह कक्षा १० सम्म सञ्चालन भएका र मा.वि. तहमा १ मात्र दरबन्दी कायम भई जम्मा विद्यालयमा १६ दरबन्दी भन्दा कम दरबन्दी भएका विद्यालयहरुलाई प्रति विद्यालय रु १४०००० का दरले प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

झ) मा.वि.तह कक्षा ९–१० सम्म अंग्रेजी र नेपाली दुवै माध्यममा कक्षा सञ्चालन भएका विद्यालयहरुलाई प्रति विद्यालय रु २४०००० का दरले प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

ञ) गाउँपालिका भित्र १००० जना भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयहरुलाई रु ९५०००० का दरले प्रोत्साहन स्वरुप एकमुष्ट रुपमा प्रदान गर्ने

ट) समुदायमा आधारित नयाँ बाल विकास केन्द्रका बाल कक्षा शिक्षकलाई पारिश्रमिक व्यवस्थापनका लागि रु ४२००० एकमुष्ट रुपमा प्रदान गर्ने

५) यस कार्यविधि अनुसार कार्यान्वयन भएका काम कार्वाहीहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ तथा प्रचलित कानुन बमोजिम भएगरेको मानिनेछ ।